Pre Approval Date : 2022-09-06 पूर्व स्वीकृति मिति : २०७९/०५/२१ | LT. No.270854 एल टि न. २७०८५४ | Invoice No.60187031 चलानी नं. ६०१८३४२५

| सि.नं S.N. | कामदारको पद Worker's Position | माग संख्या Required No's पुरूष Male | महिला Female | न्यूनतम योग्यता Minimum Qualification | मासिक तलब: Monthly Salary आर एम RM | ने.रू. NPR | ओभर टाईम सुविधा OT Facility | प्रतिदिन काम गर्ने घण्टा Working Hours Per Day | हप्तामा काम गर्ने दिन Working Day Per Week | वार्षिक बिदा Annual Leave | खाना सुविधा Food Facility | बस्ने सुविधा Accomodation Facility | करार अवधि Contract Period |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Factory Worker औधोगिक कामदार | १०० | 0 | सो काममा दक्ष Skilled at related work | १५०० | ४२,४५० | क. नियम अनुसार As per the company rule | ८ घण्टा 8 Hours | ६ दिन 6 Days | क. नियम अनुसार As per the company rule | छैन No | छ Yes | दुई वर्ष 2 Years |

| पासपोर्ट खर्च Passport expense | मेडिकल जाँच शुल्क Medical Checkup fee | भिषा शुल्क Visa Fee | फाइनल अनतवार्ताको समयमा र प्रस्थान अघि हुने यातायत लगायत खाना र बस्ने खर्च Transport, Lodging & Food During Final interview & bofore departure | अभिमुखीकरण Orientation | नेपाल र मलेसियामा लाग्ने बिमा शुल्क Insurance Fee in Nepal & Malaysia | श्रम स्विकृती Labour Approval | हवाई टिकट शुल्क Air Ticket expenses | संस्थाको सेवा शुल्क Agency Service Charge | जम्मा खर्च Total expenses |
|---|---|---|---|---|---|---|---|---|---|
| नि:शुल्क Free | नि:शुल्क Free | | नि:शुल्क Free | नि:शुल्क Free | नि:शुल्क Free | नि:शुल्क Free | नि:शुल्क Free | नि:शुल्क Free | नि:शुल्क Free |

• यो भर्ती मागपत्र शून्य लागत नीति अन्तर्गत छ । म्यानपावरमा लाग्ने सेवा शुल्क सहित सबै खर्चहरू (राहदानी, मेडिकल, भिसा, अन्तवातीको समयमा र प्रस्थान अघि हुने यातायात लगायत खाना र बस्नको खर्च, अभिमुखीकरण, नेपाल र मलेसियामा लाग्ने बिमा, श्रम स्विकृती, हवाई टिकट) रोजगारदाताले वहन गर्दछ । त्यसैले कामदार वा उनीहरूको तर्फबाट म्यानपावर संस्था वा अरु कुनै व्यक्ति कसैलाई पनि कनै शुल्क तिर्न पर्दैन । This recruitment is under zero cost policy. All the expenses (Passport, Medical, Visa, Transport, Lodging, Food during interview & before departure, Orientation, Insurance, Air ticket) including Agency service charge will be borne by the employer. So no fee has to be paid to manpower agency or any other person by the workers or anyone on their behalf.

• यस रोजगारीको लागि हाम्रो कार्यालय वा अरु कसैलाई सेवा शुल्कको सट्टामा कुनै अन्य मूल्यवान वस्तु (उपहार, सुन, गरगहना, गाईवस्तु, फोन आदि) दिन वा दिने बाचा नगर्न अनुरोध गर्दछौं । No other item of value shall begiven or commit to our office or any body in lieu of fees (Gifts, gold, jewelry, livestock, phone etc.)

• तपाईले कसैलाई कुनै शुल्क तिर्न नपर्ने भएकोले, हामी तपाईलाई कुनै पनि एजेन्ट बिचौलिया प्रयोग नगरी हाम्रो कार्यालयमा सिधै सम्पर्क गर्न अनुरोध गर्दछौं । हामी तपाईलाई यो पनि स्पष्ट पार्न चाहन्छौं कि हाम्रो संस्थाको कुनै पनि शाखा कार्यालय, जिल्ला प्रतिनिधिको कार्यालय र एजेन्ट र बिचौलिया छैन । Since youdonÚt have to pay any fees to any body, we request you to contact directly at our office without using any agent/middleman. We also want to clarify you that our organization has no branch offices, district representative and agent/middleman any where.

• यस भर्तीको लागि कुनै धितो, निक्षेप, बचत कार्यक्रमहरूलाई अनुमति वा स्वीकार गरिने छैन । No bonds, deposits, saving programs are allowed or accepted for this recruitment.

• हामी तपाईलाई हाम्रो कार्यालय परिसरमा राखिएका मागपत्र साग सम्बन्धित जानकारीमूलक सामग्रीहरू जस्तै फलेक्स, ब्यानर, पर्चा आदि पूर्णरूपमा अध्ययन गरी र सो बारे पूर्णरुपमा जानकार हुन अनुरोध गर्दछौं । We request you to fully study & understandjob related informative materials such as flex, banner, leaflet etc. placed at our office premises.

• रोजगारीको लागि आवेदन दिन इच्छुक व्यक्तिले आवेदन फारम भर्नु अघि हाम्रो संस्थाको भर्ना पूर्वको अभिमुखीकरण सत्रमा अनिवार्य रुपमा उपस्थित हुनुपर्नेछ । Anyone willing to apply for the job must attend our pre–recruitment orientation training session prior to filling the job application form.

• हामी समान अवसर प्रदायक संस्था हौं । त्यसैले उम्मेदवारहरूलाई कुनै पनि प्रकारको भेदभाव बिना उनीहरूको योग्यताको आधारमा मात्र छनोट गरिन्छ । We are Equal opportunity provider. Hence candidates are selected solely based on their competency without any type of discrimination=

• यदि तपाईसँग कुनै गुनासो वा प्रतिक्रिया छ भने, कृपया हामीलाई तल उल्लेख गरिएको फोन नम्बर वा इमेल ठेगाना मार्फत सम्पर्क गर्न सक्नुहुनेछ । तपाईले हामीलाई हाम्रो आधिकारिक फेसबुक पेज |(A.K. Overseas Pvt.Ltd.) मा पनि सन्देश पठाउन सक्नुहुन्छ ।

Tel: 01–4427427 Email: klaush_np@yahoo.com

If you have any complaints or feedback, please do contact us via the phone number or email address mentioned below. You can also send us your message on our official Facebook page

A.K. Overseas Pvt.Ltd. | Tel: 01–4427427 | Email: klaush_np@yahoo.com

फाइनल अन्तर्वार्ता मेनपावर कार्यालय, लाजिम्पाट काठमाडौंमा मिति २०७९ भदौ ३१ गतेमा हुनेछ ।
Final Interview will be conducted at Manpower, Office, Lazimpat, Kathmandu,on 16 Sept. 2022.

बैदेशिक रोजगार बिभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिषा प्राप्त भएको सुनिश्चित गर्नुहोस् । २.आफ कामगर्न जाने मुलुकमा रहेको, नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं हरु साथमा राख्नुहोला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३.यस विज्ञापन (सूचना)मा, उल्लेखभएको सेवा, सुविधा र तलबको बारेमा स्पष्ट हनहोस् । ४.विदेशजानु अघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५. विदेश, जानु अघि आफुजाने मुलक, कामदिने कम्पनी, पाउने सेवा तथा सुबिधार अन्य शर्तबारे राम्रो सँग पढेर मात्र सम्झौतापत्रमा हस्ताक्षर गर्नुहोला र सो को एक (१) प्रति आफसँग राख्नुहोला । ६. काममा विदेश जादा नेपालकै विमानस्थल प्रयोग गर्नहोला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस बिज्ञापन, सम्बन्धमा थप केहि बुझ्नुपरेमा बैदेशिक रोजगार बिभाग, बुद्धनगरमा सम्पर्क गर्नुहोला ।

Information provided by the Department of Foreign Employment(DOFE) 1.Confirm that visa is issued under your name 2.Keep the contact details and location of Diplomatic Mission of Nepal in the country you are going for the employment, it will be easy to contact if you get in trouble 3.Be clear on the services, facilities and salary that is mentioned in this advertisement 4.Before going abroad orientation or induction training should be attended compulsorily 5. Before going abroad sign the employment contract only after reading the details regarding the country, company, facilities, services, terms and conditions mentioned in the agreement thoroughly and keep a copy of the same 6.While going abroad use International Airport of Nepal or else you might be deceived 7. If you want to know more details regarding this advertisement please contact Department of Foreign Employment (DOFE), Buddhanagar.

**A.K. OVERSEAS (PVT.) LTD.**

श्रम ईजाजत नं.४९४/०६१/०६२

Nishal Marg, Lazimpat, Kathmandu, Nepal, Tel: 014427427
Email: klaush_np@yahoo.com

प्रभाव दैनिक
National Daily

## सम्पादकीय

# भाषा आयोगको सुझाव कार्यान्वयन गर

प्रदेश तहमा नेपाली भाषाका अतिरिक्त भाषा आयोगबाट सिफारिस गरिएका अन्य राष्ट्रभाषालाई सरकारी कामकाजको भाषाको रुपमा मान्यता प्रदान गर्ने भनिएको थियो । भाषा आयोगले प्रदेशको सरकारी कामकाजको भाषाको रूपमा मान्यता पाउन पूरा गर्नुपर्ने आधारको निर्धारण गरी दुई वर्षअघि गरेको सिफारिस हालसम्म अलपत्र छ ।

नेपाली भाषाका अतिरिक्त प्रदेशभित्र बहुसंख्यक जनताले बोल्ने एक वा एकभन्दा बढी अन्य राष्ट्रभाषालाई प्रादेशिक भाषाका रुपमा मान्यता पाउनुपर्ने आयोगको सिफारिस छ । आयोगले संविधानको धारा ७ (२)को कार्यान्वयनका लागि संविधानको धारा २८७ को उपधारा ६ खण्ड (क) तथा उपधारा ७ को अधीनमा रही प्रदेश कानुनबमोजिम प्रदेशको सरकारी कामकाजको भाषा निर्धारण गर्ने गरी सातवटै प्रदेशका लागि २०७८ भदौ २१ गते ११ वटा भाषाको सिफारिस गरेको थियो ।

आयोगका अध्यक्ष डा. लवदेव अवस्थीले सोको कार्यान्वयनका लागि नेपाल सरकारबाट सहजीकरण गरिनुपर्ने तथा आयोगले हालसम्म पेस गरेका वार्षिक प्रतिवेदनका सुझाव लागू हुनुपर्ने बताए । आयोगले आफ्नो छैटौं वार्षिक प्रतिवेदन मंगलबार राष्ट्रपति विद्यादेवी भण्डारीलाई बुझाएर फर्किएपछि अध्यक्ष डा. अवस्थीले सरकारी कामकाजको भाषासम्बन्धी सिफारिस तथा यसबीचमा भाषाका सम्बन्धमा भएका गरेका काम कारबाहीका बारेमा नेपाल सरकारसमक्ष गरेका सिफारिसको कार्यान्वयनको स्थिति र प्रक्रियामा उत्साहजनक प्रगति नभएको जानकारी दिएका थिए ।

नेपालको संविधानको धारा ७ (१)मा देवनागरी लिपिमा लेखिने नेपाली भाषा नेपालको सरकारी कामकाजको भाषा हुनेछ उल्लेख छ । तर, नेपालको संविधानले नचिनेको भाषा र लिपिको प्रयोग गरी सवारीसाधनमा विद्युतीय संकेत संख्या (इम्बोस्ड नम्बर) राख्ने कार्यले निरन्तरता पाएकामा आयोगले चिन्ता व्यक्त गरेको छ । आयोगले निरन्तर ध्यानाकर्षण गराउँदासमेत विद्युतीय संकेत संख्यालाई देवनागरी लिपिमा राख्ने कार्य भएको छैन । यस्तै, सार्वजनिक कार्यालय वा स्थानको नामकरण, सार्वजनिक सूचना सम्प्रेषण, आकस्मिक सेवा प्रवाह र सरकारी अभिलेख राख्ने कार्यसमेत संविधानको धारा ७ (१) र धारा ३२ (१) को पालना हुने गरी भएको देखिँदैन । संविधानको अनुसूची ८ मा समावेश भएको स्थानीय तहको अधिकार सूचीअन्तर्गत रहेको आधार भूत र माध्यमिक तहको शिक्षाको माध्यम भाषाबारे आयोगले गरेको सिफारिसअनुसार मातृभाषामा हुन सकेको छैन । सरकारी कामकाजको सर्वोपरि सरोकारको विषय शिक्षा भएको र संविधानले प्रत्याभूति गरेअनुसार सामुदायिक तथा संस्थागत विद्यालयमा शिक्षाको माध्यम मातृभाषा हुनुपर्ने प्रस्ट व्यवस्था हुँदाहुँदै अंग्रेजी माध्यमको शिक्षालाई अंगीकार गर्ने कार्यबाट संघ, प्रदेश र स्थानीय तहले संविधानको धारा ३१ (५) को अवज्ञा गरेको देखिएको प्रतिवेदनमा जनाइएको छ ।

आयोगले सयभन्दा कम वक्ता संख्या भएका भाषालाई प्राथमिकतामा राखी भाषिक पुस्तान्तरण र जीवन्तताका लागि गाउँपालिका र नगरपालिकासितको सहकार्यमा संघ र प्रदेशबाट सहजीकरण हुने गरी भाषा प्रशिक्षण अभियान सञ्चालन गर्ने भएको छ । आयोगले सबभन्दा कम वक्ता भएका कुसुण्डा, दुरा, लुफ्मि, तिलुङ र बरामजस्ता लोप हुने अवस्थामा रहेका भाषामा सञ्चालन गरेको प्रशिक्षण कार्यक्रमको अनुभव र सिकाइलाई आधार मानी क्षेत्तेलीजस्ता भाषाको पहिचान गरी अन्तर्राष्ट्रिय आदिवासी भाषा दशक (सन् २०२२-३२) को सन्दर्भमा देशव्यापी भाषा पुस्तान्तरण अभियान सञ्चालन गर्न लागेको हो ।

२०६८ को राष्ट्रिय जनगणनाअनुसार नेपालमा १२३ भाषाहरू बोलिन्छन् । यसका साथै आयोगले हालसम्म राना थारू, नार फु, चुम (स्यार), नुब्री (लार्के), पोइके, सेर्के, मारेक याक्खा, नावा शेर्पा, क्षेत्तेली गरी थप नौवटा भाषाहरूको पहिचान गरेको छ । नेपालमा भारोपेली, भोट बर्मेली, आग्नेली/अस्ट्रो एसियाली, द्रविड र परिवार नखुलेको कुसुन्डा भाषा गरी पाँच परिवारका भाषाहरू बोलिन्छन् । संविधानले गरेको व्यवस्था र भाषा आयोगले गरेको सिफारिसलाई बेवास्ता गरेर भाषामाथि खेलाँची गर्ने काम गर्नु हुँदैन । आयोगले सिफारिस गरेअनुसार प्रदेशमा कामकाजीभाषाको रुपमा कार्यान्वयनमा ल्याउनका लागि आवश्यक ऐन कानुन बनाउन आवश्यक छ । प्रदेश सरकारहरु यसमा गम्भीर हुनुपर्छ । यसमा संघीय सरकारको भूमिका प्रभावकारी बन्नुपर्ने आवश्यकता छँदै छ । त्यसैले नेपालका राष्ट्रभाषाहरूको संरक्षण र प्रवर्द्धनमा आयोगले दिएका सुझावहरू कार्यान्वयनमा तत्काल कदम चालियोस् ।

## मननयोग्य

### चाणक्य नीति

एकछिनपछि पण्डितजीलाई शुभकामना' यो स्वरले उनको तन्द्रा भंग हुन्छ । झुपडीको ढोका खोलेर सुत्केरी गराउने स्त्री सुडेनी बाहिर आउँछ । आचार्य चणक ईश्वरलाई धन्यवाद दिँदै खुसी भएर आफ्नो झुपडीभित्र प्रवेश गर्छन् ।

झुपडीमा एउटा साधारणजस्तो शैय्यामा उनकी पत्नी शान्त स्वभावले थाङ्नामा पल्टी आफ्नो छोरालाई हेरिरहेकी छिन । आचार्य हिँडेको पाइलाका आवाज सुनेर उनी ढोकातिर खुसीको हाँसो हाँसेर हेर्दै भन्छिन्- स्वामी ! ईश्वरले राम्रो प्रार्थना सुने, हामीलाई पुत्ररत्न प्राप्त भएको छ, ती परमात्मालाई कोटीकोटी प्रणाम । हामी वृद्धावस्थामा भएकालाई सहारा दिए ।

आचार्य चणकले भने- 'देवी ! मेरा लागि त ईश्वर तिमी नै हौ किनकि पुत्ररत्नको प्राप्ति मलाई तिमीबाट नै भयो । यो कुरा त्यो नवागन्तुकले पनि सुनिरहेको छ कि जस्तो भान ती दम्पतीलाई भयो, उता त्यो नवागन्तुक आफ्ना हातखुट्टा हल्लाउँदै हाँस्छ । बालकको मखमण्डल एक अलौकिक तेजले देदीप्यमान छ ।

आचार्य चणक भन्छन्- 'हाम्रो कुलमा धेरै वर्षपछि कुलदीपक पाइयो । अतः म यसको नाम आफ्नो कुलअनुसार नै राख्छु, यसको नाम ' कौटिल्य' हुनेछ । चणका कुलको नाम 'कौटिल' थियो ।'


आचार्य चणक मनमनै सोच्दै भन्छन्- 'छोरो त मलाई ईश्वरले दिए, तर म यसलाई के दिन सक्छ ? यो कुनै राजाको घरमा जन्म लिन्थ्यो भने यसले राज्य गर्दथ्यो तर म ? म त यसलाई खाली ज्ञान वा विद्या नै दिन सक्छु ।' प्रत्युत्तर पनि स्वयम् आत्माबाटै यस्तो निस्कन्छ कि 'ज्ञान धनभन्दा ठूलो' हुन्छ । *क्रमश :*

# यसरी फेरियो भैरहवा

राधेश्याम विश्वकर्मा

जिल्ला सदरमुकाम भएको कारण केही सरकारी कार्यालयबाहेक अन्य कुनै चहलपहल नभएको भैरहवा लामखुट्टे, डुबान, फोहोरलगायतको कारण यहाँ आउन मानिस नाक खुम्च्याउथे । सरकारी कार्यालयका कर्मचारी सकेसम्म भैरहवा आउन चाहन्नथे । बसाईंसराइको प्रभाव पनि भैरहवामा न्यून थियो ।

तर, अहिले भैरहवाको रूप फेरिएको छ । मुलुककै दोस्रो अन्तर्राष्ट्रिय विमानस्थल, विशेष आर्थिक क्षेत्र (सेज), बेलहिया-बुटवल व्यापारिक मार्ग, भैरहवा-तौलिहवा फराकिलो सडक, नगरको भित्री क्षेत्रमासमेत फराकिलो तथा हरियाली बाटो, आकर्षक प्रवेशद्वार, तारे होटल, 'सपिङ मल', क्रिकेट रंगशालाले भैरहवाको आकर्षण बढाएका छन् । केही पहिलासम्म यहाँ आउन नाक खुम्च्याउनेहरू अहिले भैरहवा आउन लालयित हुने गरेका छन् ।



अहिले भैरहवाको रूप फेरिएको छ । मुलुककै दोस्रो अन्तर्राष्ट्रिय विमानस्थल, विशेष आर्थिक क्षेत्र (सेज), बेलहिया-बुटवल व्यापारिक मार्ग, भैरहवा-तौलिहवा फराकिलो सडक, नगरको भित्री क्षेत्रमासमेत फराकिलो तथा हरियाली बाटो, आकर्षक प्रवेशद्वार, तारे होटल, 'सपिङ मल', क्रिकेट रंगशालाले भैरहवाको आकर्षण बढाएका छन् । केही पहिलासम्म यहाँ आउन नाक खुम्च्याउनेहरु अहिले भैरहवा आउन लालयित हुने गरेका छन् ।

### अन्तर्राष्ट्रिय विमानस्थल

भैरहवामा रहेको गौतमबुद्ध विमानस्थललाई अहिले स्तरोन्नति गरी मुलुककै दोस्रो अन्तर्राष्ट्रिय विमानस्थल निर्माण सम्पन्न भई सञ्चालनमा रहेको छ । करिब ३० अर्ब रूपैयाँको लागतमा निर्माण भएको गौतमबुद्ध अन्तर्राष्ट्रिय विमानस्थलबाट अल जजिरा एयरलाइन्सले साताको तीन उडान गर्दै आएको छ । भदौ ३१ गते देखि जजिराको दैनिक उडानको तयारी रहेको छ । त्यसलगत्तै कात्तिक १३ गतेदेखि बिज एयरलाइन्सले पनि भैरहवामा अवतरणको तयारी गरिरहेको छ । यसबाहेक यहाँबाट अन्य विमान कम्पनीलेसमेत उडानमा चासो दिइरहेको विमानस्थलका प्रवक्ता सुभाष झा बताउँछन् ।

गौतमबुद्ध विमानस्थल अहिले वैदेशिक रोजगारीमा जान चाहनेका लागि रोजाइँमा पर्ने गरेको छ । अहिले उडान भरिरहेको जजिरा एयरमा पनि आउने जानेको संख्या बराबरजसो रहेको छ । जजिरा एयरका देशीय व्यवस्थापक अमित नागरथका अनुसार विमानमा ९० प्रतिशत सिट बुक गरी उडान गरिरहेको छ ।

### लुम्बिनी

भैरहवाको अर्को परिचय हो गौतमबुद्धको जन्मस्थल लुम्बिनीको प्रवेशद्वार । स्थलमार्ग हुँदै सबैभन्दा बढी पर्यटक भित्रचाउने भैरहवामा अब अन्तर्राष्ट्रिय हवाई मार्ग पनि जोडिएको छ । यसले यस क्षेत्रको पर्यटकीय सम्भावनालाई अझै बढावा दिएको छ । लुम्बिनी आउने पर्यटक भैरहवा हुँदै गन्तव्यमा जानुपर्ने हुन्छ । बुद्ध जन्मस्थल लुम्बिनी आउने पर्यटकलाई स्वागत गर्न भैरहवा तम्तयार भएर बसेको छ ।

### पर्यटनमा पूर्वाधार

भैरहवालाई आकर्षक बनाउनमा यहाँका होटल व्यवसायको पनि उत्तिकै सहयोग छ । भैरहवा, लुम्बिनी तथा बेलहियामा गरी ८९ वटा स्तरीय होटल रहेको सिद्धार्थ होटल संघका अध्यक्ष चन्द्रप्रकाश श्रेष्ठ (सिपी) बताउँछन् । होटल कसाइ, होक्के, पवन प्यालेस, टाइगर रिसोर्ट, मौर्या होटल, होटल बोधी रेडसन्, बुद्धमाया गार्डेन लगायतका स्तरीय होटलको लामै सूची छ यहाँ । यस अतिरिक्त अहिले करिब आधादर्जन पाँच तारे होटल निर्माणाधीन अवस्थामा रहेका छन् ।

गौतमबुद्ध अन्तर्राष्ट्रिय विमानस्थलले भित्रचाउने पर्यटकलाई लक्षित गरी होटल व्यवसायमा अहिले अर्बौंको लगानी भइरहेको छ । यसबाहेक पर्यटकलाई लक्षित गरी भैरहवा क्षेत्रमा छ वटा मिनी क्यासिनोसमेत सञ्चालनमा रहेका छन् । विशेषगरी भारतीय पर्यटकलाई लक्षित गरी खोलिएका यी क्यासिनो नै कोभिडपछिको वर्तमान अवस्थामा यस क्षेत्रको विदेशी मुद्राको साधन बनेका छन् ।

### औद्योगिक क्षेत्र

भैरहवा-लुम्बिनी, भैरहवा-बुटवल तथा भैरहवा-परासी औद्योगिक कोरिडोर गरी यहाँ दर्जनौं उद्योग रहेका छन् । मुलुककै अर्थतन्त्रमा असर गरिरहेका पञ्चकन्या समूह, अर्घाखाँची सिमेन्ट, गोयन्का सिमेन्ट, जगदम्बा सिमेन्ट, अम्बे स्टिल, श्री स्टिल, सिद्धार्थ सिमेन्ट, ब्रिज सिमेन्टलगायतका उद्योग रहेका छन् । औद्योगिक विकासको सम्भावना देखेर नै उद्योगीमा अहिले यहाँ लगानी गर्न आकर्षण बढेको छ । अहिले भैरहवा-परासी कोरिडोरमा ठूलाठूला उद्योग खुलिरहेका छन् । स्टिल, छड, प्लास्टिक, जुत्ता-चप्पल, चाउचाउ, खाद्यान्न, दाल, साबुन, मैदा, बियर, छाला, बिस्कुट, कृषिजन्य उद्योग भैरहवामा सञ्चालन भइरहेका छन् ।

यसबाहेक मुलुककै पहिलो निर्यातमुखी परियोजनाको रूपमा रहेको विशेष आर्थिक क्षेत्र (सेज) पनि भैरहवामा सञ्चालनमा आइसकेको छ । कूल ५२ बिघा क्षेत्रफलमा रहेको सेजमा एक हजार ४०० देखि तीन हजार ७०० वर्गमिटरसम्मका ६८ वटा प्लट रहे पनि हालसम्म सात वटा उद्योग सञ्चालनमा आइसकेका छन् ।

### दोस्रो ठूलो भन्सार नाका

स्थलमार्गबाट सबैभन्दा बढी पर्यटक भित्रचाउने भैरहवामै दोस्रो ठूलो भन्सार रहेको छ । भैरहवा भन्सार कार्यालयका सूचना अधिकारी तीर्थराज पासवानका अनुसार यस भन्सारले गत आर्थिक वर्षमा एक खर्ब १५ अर्ब ८७ करोड ८७ लाख रूपैयाँ राजस्व आर्जन गरेको थियो । दैनिक सरदर चार मालबाहक ट्रक भित्रचाइरहेको भैरहवा भन्सार नाकाबन्दीको समयमा पनि चलेको थियो । भैरहवा भन्सार वीरगञ्जपछि मुलुकको दोस्रो ठूलो नाकामा पर्छ । भारततर्फ चार लेन र नेपालतर्फ छ लेनको सडक बनेको छ । आयात-निर्यातका लागि सहज पहुँच भएको भैरहवा नाका मुलुककै 'लाइफलाइन' बनेको छ ।

भन्सारमा मालबाहक सवारीको चाप बढ्दै जाँदा अहिले पार्किङको समस्या बढेको छ । नेपाल र भारत सरकारले भैरहवा र सुनौली नाकामा एकीकृत भन्सार जाँच चौकी (आइसिपी) निर्माण गर्दै छन् । नेपालले ५२ बिघा जग्गा अधिग्रहण गरिसकेको छ । तर, भारतले जग्गा अधिग्रहणको काम सकिसकेको छैन । अहिले 'आइसिपी' बनाउने भनिएको जग्गामा कन्टेनर पार्किङ गर्न थालिएको छ ।

### व्यवस्थित सहरीकरण

भैरहवाले पछिल्लो समय व्यवस्थित सहरीकरणको परिचय बनाएको छ । विशेषगरी एसियाली विकास बैंकले भैरहवामा गरेको लगानीको कारण यसको मुहार फेरिएको छ । भैरहवाका भित्री बाटो फराकिलो बनेका छन् । बाटोको छेउमा रहेको ग्रिनरीले यसलाई थप सुन्दर बनाएको छ । भैरहवा-बुटवल छ लेनको व्यापारिक मार्ग, यसमा रहेका अपांगतामैत्री आकाशे पुल, भैरहवा-तौलिहवा चार लेनको बाटोले नगरलाई भव्य बनाउन सहयोग गरेका छन् । भैरहवामा प्रवेश गर्ने पर्यटकका लागि बेलहियाबाट एक किलोमिटर उत्तर सात करोड बढीको लागतमा आकर्षक प्रवेशद्वार बनेको छ ।

यस्तै भैरहवाबाट लुम्बनी जाने पर्यटकलाई पनि 'लुम्बिनी गेट'ले स्वागत गरिरहेको छ । सिद्धार्थनगर नगर पालिकाका प्रमुख इश्तियाक अहमद खाँणले भैरहवालाई थप सुन्दर र हरियो बनाउने लक्ष्य रहेको बताए । उनले भैरहवालाई सुन्दर बनाउनुका साथै बेलहिया हुँदै आउने पर्यटकलाई फूलले स्वागत गर्ने नगरपालिकाको लक्ष्य रहेको जानकारी दिए ।

### मेडिकल तथा बैंकिङ "हब"

पर्यटकीय, औद्योगिक र व्यवस्थित सहरीकरण रहेको भैरहवा मेडिकल तथा बैंकिङ 'हब' पनि हो । भैरहवामा रहेको रण अम्बिका शाह आँखा अस्पतालमा आउने आँखाका बिरामीमा ९० प्रतिशत भारतीय रहेका छन् । यसबाहेक यो अस्पतालले तेस्रो मुलुककासमेत बिरामीलाई सेवा प्रदान गरिरहेको छ ।

यस क्षेत्रकै उत्कृष्ट अस्पतालको रूपमा रहेको अस्पतालको कारण 'हेल्थ टुरिज्म' (स्वास्थ्य पर्यटन) समेत फस्टाएको छ । यस्तै भैरहवामै युनिभर्सल कलेज अफ मेडिकल साइन्सेजले पनि ख्याति कमाएको छ । अस्पतालका प्रशासन प्रमुख तेज केसीका अनुसार ७०० शयचाको अस्पतालले विशिष्टीकृत सेवा प्रदान गर्दै आइरहेको छ । यस्तै यसै क्षेत्रमा सिद्धार्थनगर सिटी अस्पताल, क्रिमसन अस्पतालले पनि उत्कृष्ट सेवा दिने अस्पतालका रूपमा रहेका छन् । यस्तै भैरहवामा प्रायः सबै वाणिज्य बैंकहरूले आफ्नो शाखा खोलेका छन् । *रासस*

## पत्र-मञ्जुषा

# सहकारीमा बढ्दो समस्याले जोखिम

राजधानीका सहकारीहरू यतिखेर धमाधम बन्द हुने अवस्थामा छन् । कतिपय बचतकर्ताको रकम नै लिएर भागिसकेका छन् भने भाग्ने क्रम जारी छ । सहकारी टाप कसेपछि बचतकर्ता बिचल्लीमा परेका छन् । कतै तपाईंको बचत रकम भएको सहकारी भाग्दै त छैन ? डुब्ने अवस्थामा त आइसकेको छैन ? यसमा चनाखो हुनुपर्ने बेला भएको छ । उपत्यकाबाहेक बाहिरी जिल्लाका सहकारीहरू भागेर बचतकर्ताहरू सडकमा ओइरिएका छन् । केही महिनाअघिदेखि सहकारीको भाग्ने क्रम ह्वात्तै बढेको पाइन्छ ।

अहिले जताततै सहकारी भागेका कुराहरू मात्र सुन्नमा आइरहेको छ । हाम्रो पैसा डुब्यो भनेर बचतकर्ताहरू पिरोलिएका छन् । अरूको अवस्था देखेर हाँस्नु र टुलुटुलु हेरेर बस्नुको साटो आफ्नो बचत भएको सहकारीमा गएर बुझ्नु राम्रो हो । किनकि, यतिबेला सहकारीमा भएको सबै रकम कुम्ल्याएर सञ्चालक बेपत्ता हुने क्रम बढेको छ । त्यसैले पहिल्यै नै सतर्क हुनु नै बेस होला । थोपाथोपा गरेर जम्मा गरेको रकम बोकेर हिँडेपछि बचतकर्तालाई मर्नु न मोटाउनु भएको छ ।

एक हजारदेखि २० लाखसम्म डुबेको कुराहरू बाहिर आइरहेका छन् । पछिल्लो समय एउटै घरमा पाँच वटासम्म सहकारी छ । ती सहकारीले दैनिक बजारबाट रकम उठाए पनि उचित ठाउँमा लगानी नगर्दा डुबेको कुरा स्पष्ट बुझिन्छ । सम्बन्धित निकायले बेलाबखत सहकारीको अनुगमन गर्ने चासो देखाएन । जसकारण आज लाखौं जनताको घरबास उठ्ने अवस्था बनेको छ । भाग्ने सहकारीको खोजतलास गरी कारबाही गर्न सरकारले ध्यान दिइएको पाइँदैन ।

जनताको बिचल्ली भइसक्दा पनि सरकार मौन बसेको छ । धेरै मानिस सडकछाप बनिसकेका छन् । तर, सरकार सहकारीमा रकम जम्मा नगर्नूस् बरु बैंकमै लगेर राख्नूस् भनेर एउटा सूचनासमेत जारी गर्दैन । सहकारीमा पैसा राख्नुको दुईटै कारण छन् । एउटा बढी ब्याज, अर्को कर्जा । ब्याजको लोभमा पर्दा साँवा नै गुमेको छ । सहकारी कस्तो मान्छेले खोलेका छन् ? सञ्चालकमा कस्ता व्यक्ति बसेका छन् ? बुझ्दै नबुझी पैसा राख्दा यो हालत भएको हो ।

सहकारीको साधारणसभामा जाने र गएबापत खाममा पैसा बोकेर हिँड्ने बानी छ, बचतकर्ताको । तर, त्यहाँ कार्यसमितिमा भएका व्यक्तिहरू उनीहरूले चिन्दैनन् । सहकारीहरू धेरै भागेको र धेरैले पैसा हिनामिना गरेको भनेर सहकारी विभागले भनिरहेको छ । विभागका अनुसार कतिपय सहकारीहरू घाटामा छन् । तिनीहरूको आज न भोलिको अवस्था बनिसकेको बताइन्छ । विभागले यसो भनिरहँदा जनता आफैं पनि अलिकति जागरुक हुनुपर्छ । विभागले सहकारीको अनुगमन आफूले नभई वडा र नगरपालिकाले गर्ने हो भनेर पन्छिएको छ ।

वडा र नगरपालिका सुने पनि नसुनेझैं गरी बसेको छ । न भाग्ने सहकारीको खोजतलास गर्छ । सहकारी डुब्ने अवस्थामा पुग्दा पनि एकचोटि पनि निरीक्षण गरेको पाइँदैन् । यता, जनताको पैसा कुम्ल्याएर भाग्ने सहकारीको दर्ता खारेज पनि गर्दैन । हिजो सहकारीका अध्यक्ष आजका मेयर र वडाध्यक्ष हुन् । सहकारी छोडेर जनप्रतिनिधि बनेकाहरू यत्तिकै छन् । आफ्नै टोलीको भएकाले अनुगमन नगरेको बुझिन्छ । सहकारीले गर्दा हामी डुब्यौं भनेर सडकमा ओइरिनेको संख्या दिनानुदिन बढिरहेको छ ।

सहकारीमा डिपोजिट गर्ने पनि डुबे, कर्जा लिने पनि सोत्तर भए । सहकारीको यस्तो ठगीधन्दा मौलाउँदा सरकार के हेरेर बसिरहेको छ ? सहकारीको कारणले यहाँ लाखौं मान्छेहरू सडकछाप हुने भए । सहकारीमा भएको अर्बौं रूपैयाँ डुब्ने अवस्था देखिन्छ । त्यसैले यसमा आम सर्वसाधारण सचेत हुनुपर्छ । सरोकारवाला निकाय र सरकारले नियमन तथा कारबाहीलाई प्रभावकारी बनाउन आवश्यक छ । अन्यथा यसले ठूलो समस्या निम्त्याउने निश्चित छ ।

– ***अरुण श्रेष्ठ,*** *कीर्तिपुर*

### जानकारी

**अब यस दैनिकले हरेक दिन पत्र-मञ्जुषा स्तम्भ सुरू गरेकाले पाठक वर्गहरूले आफूले चाहेको विषयवस्तु, सरकारी निकायको काम कारबाही वा पत्रिकामा सम्प्रेषण भएको समाचारका बारेमा पत्र लेख्नु भएमा त्यसलाई जस्ताको त्यस्तै प्रकाशन हुने जानकारी गराइन्छ । – सं.**

prabhabdailynews@gmail.com
facebook.com/prabhab online

# माथिल्लो कर्णाली अनुगमनमा प्रहरी नायब महानिरीक्षक

■ प्रभाव संवाददाता

**कर्णाली–** कर्णाली प्रदेश प्रहरी कार्यालय सुर्खेतका प्रहरी प्रमुख प्रहरी नायब महानिरीक्षक पोषराज पोखरेलले प्रहरी प्रधान कार्यालयबाट आगामी निर्वाचनका लागि सुरक्षाको तल्लो तहसम्म निर्देशन सम्प्रेषण गर्न जिल्ला आएको बताएका छन् ।

आसन्न प्रतिनिधिसभा तथा प्रदेशसभाको निर्वाचन नजिक आइरहेकाले प्रहरी प्रधान कार्यालयबाट आएको निर्देशन सुरक्षाको तल्लो तहसम्म सम्प्रेषण गर्ने उदेश्यले माथिल्लो कर्णालीका जिल्ला अनुगमन गरेको उनको भनाई थियो । उनले भने, ' निर्वाचन नजिक आइरहेकाले प्रहरी प्रधान कार्यालयबाट आएको निर्देशन तल्लो तहसम्म पुऱ्याउन हामी जिल्ला आएका हौं ।'

माथिल्लो कर्णालीका जिल्ला प्रहरी कार्यालय र मातहतका सुरक्षास्थलको वस्तुस्थितिबारे बुझ्न प्रहरी नायब महानिरीक्षक पोखरेल सोमबार कालीकोट आएका थिए । त्यसपछि मंगलबार जुम्ला पुगेर त्यहाँको वस्तुस्थितिको अवलोकन उनले गरेका थिए । उनले जुम्लामा जिल्ला प्रहरी कार्यालयको भौतिक संरचना नभएको बताए । उनले भने, 'यहाँ अहिले सम्म प्रहरीको लागि एउटा राम्रो भवन सम्म छैन, तर पनि प्रहरीले आफ्नो कार्यमा कुनै कमी गरेको छैन् ।'

उनले भौतिक संरचना निर्माणाको विषयमा मुद्दा अदालतमा विचाराधीन अवस्थामा रहेकोले मुद्दा मिल्ने वित्तिकै निर्माण कार्य सुरु गर्ने बताए । जुम्लामा भौतिक संरचना नभए पनि टहरामा बसेर प्रहरीले नागरिकलाई सेवा प्रवाह गर्ने कार्यमा कुनै कमी नगरेको उनले बताए ।

जुम्लालगायतका जिल्लामा निर्माणाधीन संरचना प्रदेश सरकारको बजेटबाट बनेको र अदालतको फैसलापछि काम सुरु हुने जनाउँदै प्रहरी नायब महानिरीक्षक पोखरेलले पहाडी जिल्लामा सुविधायुक्त प्रहरी संरचना नभएकोले यस प्रति सरकारले ध्यान दिनुपर्ने सुझाव दिए ।

कर्णाली प्रदेश प्रहरी कार्यालय सुर्खेतका प्रवक्ता एवं प्रहरी वरिष्ठ उपरीक्षक माधवप्रसाद श्रेष्ठले प्रहरी नायब महानिरीक्षक पोखरेलले यसअघि सल्यान, रुकुमपश्चिम, जाजरकोट र दैलेख अनुगमन गरेका थिए ।

## संक्षिप्त

### सवारी दुर्घटनामा मृत्यु

**सुनसरी (प्रस)–** दुहबी नगरपालिका-३ फुटानीमा प्रदेश नं.१-०४-००१ प ८१३८ नम्बरको मोटरसाइकल को.१ च ७१८६ नम्बरको पिकअपमा ठक्कर खाई मंगलबार दुर्घटना हुँदा मोटरसाइकल चालक मोरङ धनपालथान गाउँपालिका-२ बस्ने २० वर्षीय धिरज मण्डलको मृत्यु भएको छ । दुर्घटनामा गम्भीर घाइते भएका उनको विराट नर्सिङ होम विराटनगरमा उपचारको क्रममा मृत्यु भएको हो । साथै दुर्घटनामा घाइते भएका मोटरसाइकलमा सवार अन्य २ जनाको सोही अस्पतालमा उपचार भइरहेको छ । पिकअप चालकलाई प्रहरीले नियन्त्रणमा लिएको छ ।

कपिलवस्तु, बुद्धभूमि नगरपालिका-२ पानीधारास्थित सडकमा लु.२९ प ४०४३ नम्बरको मोटरसाइकल मंगलबार दुर्घटना हुँदा मोटरसाइकल चालक अर्घाखांची शितगंगा नगरपालिका-१३ बस्ने २६ वर्षीय पुष्कर भट्टराईको मृत्यु भएको छ । दुर्घटनामा गम्भीर घाइते भएका उनको ४ नम्बर सामुदायिक अस्पतालमा उपचारको क्रममा मृत्यु भएको हो । साथै दुर्घटनामा घाइते भएका मोटरसाइकलमा सवार अन्य १ जनाको सोही अस्पतालमा उपचार भइरहेको छ ।

ईलाम, रोङ गाउँपालिका-४ भालुझोडामा मे.१ क ६५४ नम्बरको मिनी ट्रकलाई ओभरटेक गर्ने क्रममा मे.४ प ८३५५ नम्बरको मोटरसाइकलले अनियन्त्रित भई मंगलबार दुर्घटनामा हुँदा मोटरसाइकल चालक सूर्योदय नगरपालिका-४ बस्ने ३९ वर्षीय रत्न कुमार थापा मगरको मृत्यु भएको छ । दुर्घटनामा गम्भीर घाइते भएका उनको मेची अंचल अस्पताल भद्रपुरमा उपचारको क्रममा मृत्यु भएको हो । ट्रक चालकलाई प्रहरीले नियन्त्रणमा लिएको छ ।

### करेन्टले लियो ज्यान

**कपिलवस्तु (प्रस)–** कृष्णनगर नगरपालिका-९ माडा बस्ने अदबुल कैयुम मुसलमानकी १३ महिने छोरी फराहनाज खातुनको करेन्ट लागेर मंगलबार मृत्यु भएको छ । घरभित्र खेल्ने क्रममा पंखामा छोई करेन्ट लागि गम्भीर घाइते भएकी उनको उपचारको लागि अस्पतालतर्फ लैजाने क्रममा बाटोमै मृत्यु भएको हो ।

कैलाली, गोदावरी नगरपालिका-२ बनखेत बस्ने ६५ वर्षीया किजी देवीको करेन्ट लागेर मंगलबार मृत्यु भएको छ । आफ्नै घरमा पानी तान्ने मोटरबाट करेन्ट लागेर गम्भीर घाइते भएकी उनको सेती प्रादेशिक अस्पताल धनगढीमा उपचारको क्रममा मृत्यु भएको हो ।

सप्तरी, रौतहट ईशनाथ नगरपालिका-९ लक्ष्मीनिया घर भई हाल सप्तरी बोदेबर्साईन नगरपालिका-५ बस्ने ३५ वर्षीय सिकिन्दर महतोको करेन्ट लागेर मंगलबार मृत्यु भएको छ । आफ्नै पसलमा विद्युतको तार जोड्ने क्रममा करेन्ट लागेर गम्भीर घाइते भएका उनको उपचारको लागि अस्पतालतर्फ लैजाने क्रममा बाटोमै मृत्यु भएको हो ।

### म्याग्नेसाइट उद्योगको पाटपुर्जा चोरी

**चौतारा (प्रस)–** सिन्धुपाल्चोक र दोलखा जिल्लामा रहेको ओरियन्ट म्याग्नेसाइट उद्योग ३४ वर्षदेखि सञ्चालनमा नआउँदा धेरैले रोजगारीको अवसर गुमाएका छन् । नेपाल ओरियन्ट म्याग्नेसाइट प्रालिको नामबाट सञ्चालित उद्योग बन्द हुँदा प्रत्यक्ष, अप्रत्यक्षरूपमा तीन हजारभन्दा बढीको रोजगारी गुमेको छ । उद्योग सञ्चालन हुँदा तत्कालीन समयमा एक मजदुरले मासिक तीनदेखि चार हजारसम्म कमाउने गरेको सुनकोसी गाउँपालिका-५ का युवराज बस्नेतले बताए । पटक-पटक सञ्चालनमा ल्याउने हल्ला चले पनि हालसम्म सञ्चालनमा नआउदा करोडौं मूल्य बराबरको उद्योगको सामान कवाडीका रूपमा थन्किएको र पाटपुर्जा चोरी भइसकेको जनाइएको छ ।


भागेश्वर गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
बगरकोट, डडेल्धुरा, सुदूरपश्चिम प्रदेश, नेपाल

**ठेक्का रद्द गरिएको सूचना**

मिति : २०७९।०५।२३

यस भागेश्वर गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालय बगरकोट, डडेल्धुराबाट मिति २०७९।०५।२१ गते राष्ट्रिय दैनिक पत्रिका **प्रभाव दैनिक**मा प्रकाशन भएको **ठेक्का रद्द** भएको जानकारी यसै सूचनामार्फत सूचित गरिन्छ ।

भागेश्वर गाउँपालिका
बगरकोट, डडेल्धुरा



## मलेशियामा वैदेशिक रोजगारको अवसर

कम्पनी : INOAC MALAYSIA SDN BHD

पूर्व स्वीकृति मिति २०७९/०५/२१ LT. No. 271160 चलानी नं. ६०१८७०७८

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव RM | मासिक तलव ने.रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | General Worker | 5 | 0 | 1500 | ४२,६७५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: भदौ ३० गते (15th Sept. 2022) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यतवस्था: रु. १,५००/- कामदार आफैंले सेवा शुल्क: नि:शुल्क/-

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

GREATER VISION OVERSEAS PVT. LTD.
श्रम इजाजत नं. २८२/०५८/०५९
Gaushala KTM, Nepal, Tel: +977-1-4480285, Fax: +977-1-4469772



## CYPRUSमा वैदेशिक रोजगारको अवसर

कम्पनी : V. VARNAVA EMPLOYMENT AGENCY LTD.

पूर्व स्वीकृति मिति २०७८/११/२६ पुन विज्ञापन स्वीकृति मिति २०७९/०५/२२ LT. No. 259364 चलानी नं. ६०१७५७३६

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव EUR | मासिक तलव ने.रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Domestice Worker | 0 | 15 | 314 | ३९,७४५ | क.नि.अनुसार | ८ घण्टा | ६ दिन | क.नि.अनुसार | छ | | २ वर्ष |
| 2 | Cook (A) | 3 | 0 | 950 | १,२०,२५० | | | | | | | |
| 3 | Cook (B) | 2 | 0 | 850 | १,०७,५९० | | | | | | | |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: भदौ ३० गते (15th Sept. 2022) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्था: रु. १,५००/- कामदार आफैंले सेवा शुल्क: नि:शुल्क/-

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

त्रिकोण म्यानेजमेन्ट सर्भिसेज प्रा.लि.
श्रम इजाजत नं. ५०३/०६१/०६२
पो.ब.नं. १९४६४, काठमाडौं, नेपाल, फोन: ५४५६०२०/५४५६०१९
सम्पर्क नं :९८०११०५५७७,९८०१२५०५५५



## कतारमा वैदेशिक रोजगारको अवसर

कम्पनी : SHAPLA CONT. CLEANING & HOSPITALITY WLL.

पूर्व स्वीकृति मिति २०७९/०३/१९ पुन विज्ञापन स्वीकृति मिति : २०७९/०५/२२ LT. No. 266365 चलानी नं. ६०१८२५५२

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव QR | मासिक तलव ने.रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Labourer | 3 | 0 | 1000 | ३५,१८५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Building Worker | 3 | 0 | 1000 | ३५,१८५ | | | | | | | |
| 3 | Foreman | 2 | 0 | 2500 | ८७,९६० | | | | | | | |
| 4 | Representative | 2 | 0 | 2200 | ७७,४०५ | | | | | | | |
| 5 | Mason | 1 | 0 | 1300 | ४५,७४० | | | | | | | |
| 6 | Plumber | 1 | 0 | 1300 | ४५,७४० | | | | | | | |
| 7 | Supervisor | 1 | 0 | 2500 | ८७,९६० | | | | | | | |
| 8 | Heavy Vehicle Driver | 1 | 0 | 2200 | ७७,४०५ | | | | | | | |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: भदौ ३० गते (15th Sept. 2022) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्था: रु. १,५००/- कामदार आफैंले सेवा शुल्क: १०,०००/-

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

GANDAKI OVERSEAS CONCERN PVT.LTD.
श्रम इजाजत नं. ११५/०५५/०५६
Alok Nagar, Min Bhawan,Kathmandu Nepal
Tel: +977-01-4495749 | Fax: +977-1-4780947 | E mail: gandaki115@gmail.com



## कतार/साउदीमा वैदेशिक रोजगारको अवसर

कम्पनी : AL HLAL KLYNYNGH AND HWSBYTALYTY

पूर्व स्वीकृति मिति : २०७९/०२/१२ पुन विज्ञापन स्वीकृति मिति : २०७९/०५/२२ LT. No. :263631 चलानी नं.: ६०१७४३८९

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव QR | मासिक तलव ने.रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Gen Clean Worker | 1 | 0 | 1000 | ३५,१८५ | क.नि.अनुसार | ८ घण्टा | ६ दिन | क.नि.अनुसार | छ | | २ वर्ष |
| 2 | Labourer | 1 | 0 | 1000 | ३५,१८५ | | | | | | | |
| 3 | Messenger | 1 | 0 | 1100 | ३८,७०० | | | | | | | |
| 4 | Waiter | 1 | 0 | 1400 | ४९,२६० | | | | | | | |

कम्पनी : TAMKEEN WATASLIM EST FOR OPERATION & MAINTENANCE

पूर्व स्वीकृति मिति : २०७९/०२/३१ पुन विज्ञापन स्वीकृति मिति : २०७९/०५/२२ LT. No. :264905 चलानी नं.: ६०१८०९७८

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Labor | 20 | 0 | 1000 | ३४,०८५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: भदौ ३० गते (15th Sept. 2022) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्था: रु. १,५००/- कामदार आफैंले सेवा शुल्क: नि:शुल्क

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

Janashakti International Services Pvt. Ltd.
श्रम इजाजत नं. ९९९/०६८/०६९
Basundhara-3, Kathmandu, Nepal. Tel: +977-1-4964020 Cell No: +977-9851093031
Email : info@jisnepal.com, Web: www.janashaktiintl.com



## साउदीमा वैदेशिक रोजगारको अवसर

कम्पनी : FUNOON FAHD BIN HUMAIDAN AL HUMAIDAN CONTRACTING EST.

पूर्व स्वीकृति मिति २०७८/११/११ पून विज्ञापन स्वीकृति मिति २०७९/०५/२२ LT. No. 257448 चलानी नं. ६०१७२२६३

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Labour | 8 | 0 | 1000 | ३४,०८५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: भदौ ३० र ३१ गते (15 & 16th Sept. 2022) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्था: रु. १,५००/- कामदार आफैंले सेवा शुल्क: नि:शुल्क

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

RECENT JOB PLACEMENT PVT. LTD
श्रम इजाजत नं. १३१८/७४/७५
Tokha Municipality-05, Basundhara-8, Kathmandu Tel: +977-1-4390467,4355536
Email: recentjobplacement@gmail.com.np, Website: www.recentjobplacement.com



## साउदीमा वैदेशिक रोजगारको अवसर

कम्पनी : AN NAJAH INTEGRATED GENERAL CONTRACTING COMPANY

पूर्व स्वीकृति मिति २०७९/04/२९ पुन विज्ञापन स्वीकृति मिति: २०७९/०५/२२ LT. No. 269321 चलानी नं. ६०१८५३६९

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Construction Worker | 20 | 0 | 1000 | ३४,०८५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Electrical Power Distribution Technician | 4 | 0 | 2200 | ७४,९८५ | | | | | | | |
| 3 | Excavator Operator | 5 | 0 | 2200 | ७४,९८५ | | | | | | | |
| 4 | Heavy Equipment Driver | 3 | 0 | 2500 | ८५,२१५ | | | | | | | |
| 5 | Heavy Truck Driver | 3 | 0 | 1800 | ६१,३५५ | | | | | | | |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: भदौ ३० गते (15th Sept. 2022) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कसले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको मेडिकल खर्च कसले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कसले व्यहोर्ने / कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कसले तिर्ने | कामदारलाई हवाई टिकट कसलेदिने र कति लाग्ने | भिषा शुल्क कसले व्यहोर्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | कामदार आफैंले | बिमा हुने /प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | रोजगारदाताले दिने | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्था: रु.१,५०० कामदार आफैंले सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने : १०,०००

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

Muskan Overseas Pvt. Ltd.
Govt. License 1342/074/75
Samakhushi -26, Kathmandu, Nepal, Tel: + 977-1-4359026, 4363094
Email: muskanoverseas786@gmail.com,Web: www.muskanoverseas.com.np



## युएई/कतार/मलेसियामा वैदेशिक रोजगारको अवसर

कम्पनी : EMIRATES GATEWAY SECURITY SERVICES LLC

पूर्व स्वीकृति मिति : २०७९/०२/२० पुन विज्ञापन स्वीकृति मिति: २०७९/०५/२२ LT. No. 264341 चलानी नं. ६०१८०३६८

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव AED | मासिक तलव ने.रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Security Guard | 167 | 20 | 2000 | ६९,६१० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

कम्पनी : G4S QATAR W.L.L

पूर्व स्वीकृति मिति : २०७९/०५/२२ LT. No. 271459 चलानी नं. ६०१८७११६

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव QR | मासिक तलव ने.रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Lady Guard | 0 | 9 | 1550 | ५४,५३५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

कम्पनी : TASTIWAY SDN. BHD.

पूर्व स्वीकृति मिति : २०७९/०५/२१ LT. No. 271170 चलानी नं. ६०१८७०६७

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव RM | मासिक तलव ने.रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Factory Worker | 40 | 0 | 1500 | ४२,६७५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: भदौ ३० गते (15th Sept. 2022) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्था: रु. १,५००/- कामदार आफैंले सेवा शुल्क: नि:शुल्क

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

ALPHA SIGMA OVERSEAS PVT. LTD.
श्रम इजाजत नं. ५१६/०६१/०६२
P.O.Box : 10443, Sinamangal-09, Kathmandu, Nepal
Tel : +977-1-4561946, 4561827 Fax : +997-1-4465976
E-mail : alphasigmanepal@gmail.com, alphanepal@wlink.com.np,Website : www.lmperial.com.np



## साउदीमा वैदेशिक रोजगारको अवसर

कम्पनी : HABIB CONTRACTING COMPANY

पूर्व स्वीकृति मिति: २०७८/१२/२१ पुन विज्ञापन स्वीकृति मिति : २०७९/०५/२२ LT. No.260833 चलानी नं. ६०१७९५७४

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Air Condition And Refregeration Technician | 1 | 0 | 2000 | ६८,१७० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Buildings Painters | 3 | 0 | 1200 | ४०,९०० | | | | | | | |
| 3 | Central Refrigeration Equipment Mechanic | 5 | 0 | 2500 | ८५,२१५ | | | | | | | |
| 4 | Electrical Technician Generator And Motors | 3 | 0 | 2000 | ६८,१७० | | | | | | | |
| 5 | Electricity Technician | 5 | 0 | 2000 | ६८,१७० | | | | | | | |
| 6 | Electronic Technician For Control Devices | 2 | 0 | 2000 | ६८,१७० | | | | | | | |
| 7 | Factor | 22 | 0 | 1000 | ३४,०८५ | | | | | | | |
| 8 | General Building Carpenter | 3 | 0 | 1200 | ४०,९०० | | | | | | | |
| 9 | General Pump Operator | 2 | 0 | 1800 | ६१,३५५ | | | | | | | |
| 10 | Paver | 3 | 0 | 1200 | ४०,९०० | | | | | | | |
| 11 | Plumber | 5 | 0 | 1200 | ४०,९०० | | | | | | | |
| 12 | Welding Technician | 2 | 0 | 2000 | ६८,१७० | | | | | | | |

कम्पनी : EWAN HUMAN RESOURCES COMPANY

पूर्व स्वीकृति मिति २०७८/१२/११ पुन विज्ञापन स्वीकृति मिति : २०७९/०५/२२ LT. No.259621 चलानी नं. ६०१७४१६६

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Ordinary Labor | 5 | 0 | 1000 | ३४,०८५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: भदौ ३० गते (15th Sept. 2022) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनीले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | नि:शुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यतवस्था: रु. १,५००/- कामदार आफैंले सेवा शुल्क: १०,०००

